# गेरुवा गाउँपालिका
# २०७४

## एघारौं कार्यपालिका बैठक
### २४ मार्ग, २०७४

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँ कार्यपालिकाको कार्यालय |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७४ साल मार्ग २४ गतेका दिन गेरुवा गाउँ पालिकाका अध्यक्ष श्री जमानसिंह के.सी.ज्यू को अध्यक्षतामा कार्य पालिकाको एघारौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री भीम बहादुर खत्री | - | कार्यकारी अधिकृत | सदस्य सचिव |

**आमन्त्रित**

श्री ठाकुरप्रसाद चौधरी -वडासचिव, वडानं.४
श्री तुल्सीराम श्रेष्ठ -लेखापाल
श्री कुन्नारायण चौधरी -वडासचिव, वडानं.५ र ६
श्री चित्र प्रसाद उपाध्याय-सव-ईन्जिनियर
श्री प्रेमबहादुर जि.सी. -वडासचिव, वडानं.२ र ३
श्री भूमिराज घिमिरे -अ.स.ई.
श्री भागीराम चौधरी -वडासचिव, वडानं.१

**बिषयगत कार्यालय/शाखाहरुबाट**

| | | |
|---|---|---|
| १ | श्री दिल बहादुर जि.सी. | शिक्षा |
| २ | श्री नारायण प्रसाद भण्डारी | स्वास्थ्य |
| ३ | श्री विश्वरुप जोशी | कृषि |
| ४ | श्री पंकज रायमाझी | आयुर्वेद |

**<u>प्रस्तावहरु</u>**

१ **आर्थिक अख्तियारी सम्बन्धमा**

२ **प्रथम चौमाशिकमा सम्पन्न कार्यक्रमहरुको प्रगति समिक्षा र सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा ।**

३ **योजना कार्यान्वयन तथा प्राविधिक परिचालन गर्ने सम्बन्धमा**

४ **कार्यक्रम कार्यान्वयन कार्यविधिहरु स्वीकृत गर्ने सम्बन्धमा**

५ **घरभाडामा लिने सम्बन्धमा**

६ **सूचना प्रकाशित गर्ने सम्बन्धमा**

७ **बिबिध**

**प्रस्ताव नं.१ आर्थिक अख्तियारी सम्बन्धमा**

प्रस्ताव नं. १ माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको गाउँ सभाबाट स्वीकृत कार्यक्रम सञ्चालन गर्न, विनियोजित बजेट खर्च गर्न र कार्यपालका बोर्डबाट स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि वमोजिम कार्यान्यन गराउनका लागि स्थानीय तह सेवा सञ्चालन ऐन, २०७४ को आधारमा प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी दिने निर्णय गरियो ।

**निर्णय नं.२ प्रथम चौमाशिकमा सम्पन्न कार्यक्रमहरुको प्रगति समिक्षा र सार्वजनिक सुनुवाई गर्ने सम्बन्धमा**

**प्रस्ताव नं.२** माथी छलफल गर्दा २०७४ साल श्रावण देखी २०७४ कात्तिक मसान्त सम्म यस गाउँ कार्यपालिकाबाट सम्पादन भएका बिभिन्न नियमित कार्यक्रमहरुका साथै अधिक बर्षादको कारणले विग्रेको बाटो मर्मत कार्य गरिएको मर्मत खर्च, संचित ह्युमपाईप वितरण गरिएको कार्यक्रम, गाउँपालिका र वडाहरुमा दैनिक ज्यालादारीमा कर्मचारी व्यवस्था गरी कार्य सञ्चालन गरिएको खर्च र बैठक भत्ता खर्च तथा पदाधिकारीहरुको माशिक भत्ता भूक्तानी खर्च कार्यक्रमहरुको समर्थन/स्वीकृति गर्दै ति कार्यहरुको प्रगति समिक्षा गरियो साथै स्वीकृत कार्यक्रम कार्यान्वयन कार्यविधि वमोजिम सार्वजनिक सुनुवाई गराउनका लागि देहाय वमोजिमको कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**कार्यक्रम**

| सि.नं. | कार्यक्रमहरु | जिम्मेवार शाखा | जवाफदेही/ जिम्मेवार | सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने संस्था | मिति र स्थान | आर्थिक श्रोत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | गाउँ कार्यपालिकाबाट सम्पादन भएका कार्यक्रमहरु | योजना/ आ प्र | अध्यक्ष/प्र.अ. | | २०७४/९/१५ पशुपतिनगर | नियमित कार्यक्रम | |
| २ | वडा कार्यालयबाट सम्पादन भएका कार्यक्रमहरु | वडा कार्यालय | वडाध्यक्ष/ सचिव | | | | |
| ३ | बिषयगत समिति/ कार्यालय/शाखाहरु बाट सम्पादन भएका कार्यक्रमहरु | बिषयगत शाखा प्रमुख प्रतिनिधि हरु | बिषयगत शाखा प्रमुखहरु/कार्यालय प्रतिनिधिहरु | | | | |

**निर्णय नं.३ योजना कार्यान्वयन तथा प्राविधिक परिचालन गर्ने सम्बन्धमा**

**प्रस्ताव नं.३** माथी छलफल गर्दा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय मार्फत क्ष्भ्भ स्वीकृत भई प्राप्त हुनासाथ सोही वमोजिम निर्माण सामाग्रि परिचालन गर्ने गरी सवै वडाका योजनाहरु सञ्चालन गर्न गठित निर्माण समितिले माग गर्न आएमा कार्यालय र निर्माण समिति विच सम्भौता गरी कार्यारम्भ गर्ने गरी योजना कार्यान्वयन गर्ने साथै यस गाउँ पालिकाबाट समिति गठन गर्न, स्टिमेट गर्न र अनुगमन गर्न साथै कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्न खटिने प्राविधिक कर्मचारीहरु मध्ये ईन्जिनियरलाई रु.५०००।-, सव-ईन्जिनियरलाई रु.४५००।- र अ.सव-ईन्जिनियरलाई रु.४०००।- माशिक रुपमा प्राविधिक भत्ता उपलव्ध गराउने साथै गाउँ कार्यपालिकाबाट गठित अनुगमन समितिका अनुगमनकर्ताहरुलाई खटिएको दिनमा दैनिक रु.१५००।- का दरले भत्ता उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४ कार्यक्रम कार्यान्वयन कार्यविधिहरु तथा बजार दररेट स्वीकृत गर्ने सम्बन्धमा**

**निर्णय नं.४** माथी छलफल गर्दा गेरुवा गाउँपालिका भित्र बिषयगत कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको लागि पेश हुन आएका कार्यक्रम कार्यान्वयन कार्यविधिहरु,निर्देशिकाहरु र औषधि खरिद सम्बन्धि दररेट तथा कार्यक्रम कार्यान्वयन कार्य योजना गेरुवा गाउँ पालिकाका अध्यक्ष तथा बोर्ड अध्यक्षबाट स्वीकृत गराई कार्यान्वयन गराउन निर्देशन गर्ने निर्णय गरियो ।

**५ घरभाडामा लिने सम्बन्धमा**

**निर्णय नं. ५** माथी छलफल गर्दा गेरुवा गाउँपालिकाको कार्यालय सञ्चालनका लागि कार्यालय भवन नभएकोले हाललाई गाउँपालिकाको प्राविधिक शाखा सञ्चालनार्थ २ कोठे भवन भाडामा लिन मिति २०७४/७/१४ मा प्रकाशित सूचना वमोजिम पर्न आएका सि.नं.१ देखी सि.नं.३ सम्मका निवेदनहरु संलग्न फायल अध्ययन गर्दा ति निवेदनहरु मध्ये सि.नं.३ का सोगनी थरुनी, गेरुवा गा.वा.वडानं.५ ले २२३.६५ बर्गफिट क्षेत्रफलको २ कोठे भवनको प्रति कोठा रु.१७००।-ले माशिक भाडा रु.३४००।-का दरले भाडा माग गरेको देखिएको र सवै भन्दा सस्तो र उपयुक्त देखिएकोले घर धनि र कार्यालय विच सोही दररेटमा सम्भौता गरी भाडामा लिने निर्णय गरियो ।

**६ सूचना प्रकाशित गर्ने सम्बन्धमा**

**प्रस्तावनं. ६** माथी छलफल गर्दा गेरुवा गाउँपालिकामा सूचना प्रविधि सञ्चालनार्थ नेपाल सरकारबाट स्वीकृत कार्यक्रम मध्ये स्थानीय शासन तथा सामुदायिक विकाश कार्यक्रम ( LGCDP ) सञ्चालनका लागि एक जना सूचना प्रविधि अधिकृत करार सेवामा लिई कार्य सञ्चालन गर्नु पर्ने भएकोले निर्दिष्ट कार्यशर्त विवरण वमोजिम कामकाज गर्ने गरी तोकीएको योग्यता प्राप्त सम्भाव्य उम्मेदवारहरुबाट १५ दिने दरखास्त आह्वान गर्ने र पदपूर्तिका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा स्थानीय शासन तथा सामुदायिक विकाश कार्यक्रम ( LGCDP ), नेपालगञ्जबाट एक जना बिषय विज्ञ प्राविधिक प्रतिनिधी र लेखा प्रमुख सदस्य रहने गरी कर्मचारी छनौट समिति गठन गर्ने र सो समितिले परीक्षा सञ्चालन कार्यविधि निर्माण गरी स्वीकृत गराई सो वमोजिम पदपूर्ति गर्ने निर्णय गरियो ।

**विविध**

**निर्णय नं. ५** माथी छलफल गर्दा विविध बिषयमा छलफल गर्दा सवै वडाध्यक्षहरुले आ-आफ्नो वडाको माशिक प्रगति प्रस्तुत् गर्ने तयारीका साथ आगामी बाह्रौं बोर्ड बैठक मिति २०७४ साल पौष ७ गतेका दिन दिनको २.०० बजे बस्ने निर्णय गरियो ।